# जलेका तेह्र हजारभन्दा बढी लालपुर्जाको स्रेस्ता कायम



**मिसन संवाददाता**
*बाँके, १२ चैत*

बाँकेको नेपालगन्जस्थित भूमिसुधार तथा मालपोत कार्यालय बाँकेले गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनका क्रममा जलेर नष्ट भएका १३ हजारभन्दा बढी जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा)को स्रेस्ता कायम गरेको छ।

आन्दोलनका क्रममा भदौ २४ गते कार्यालयमा गरिएको आगजनीबाट कार्यालय भवन र कागजपत्र जलेर नष्ट भएपछि असोज र कात्तिकमा सेवा सेवा बन्द भई मंसिर १ गतेदेखि भाडाको कार्यालयबाट सेवा सञ्चालन भएको थियो। गत मंसिरदेखि चैत ८ गतेसम्म जलेर नष्ट भएका १३ हजार ४०९ जग्गाको जग्गाधनी प्रमाणपुर्जाको स्रेस्ता कायम गरिएको कार्यालयका प्रमुख मालपोत अधिकृत सबिनसिंह चौधरीले जानकारी दिए।

'जेनजी आन्दोलनका क्रममा भएको आगजनीबाट जलेर नष्ट भएका स्रेस्ता कायम गर्ने काम धमाधम भइरहेको छ, हाम्रोतर्फबाट सकेसम्म सहज रूपमा सेवा प्रवाह गरिरहेका छौं,' उनले भने, 'एकैपटक धेरै सेवाग्राही आउँदा भीडभाड भए पनि सेवा प्रवाहमा कुनै समस्या नहुनेगरी काम गरिरहेका छौं।'

विसं २०७४ पछिका स्रेस्ताहरू 'डिजिटलाइज्ट' भएकाले स्रेस्ता कायममा समस्या नभए पनि त्योभन्दा अगाडिका जग्गाधनी प्रमाणपुर्जाको रोक्का यकिन नहुँदा स्रेस्ता कायम गर्दा पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेलगायतका प्रक्रियागत कार्यले लामो समय लाग्ने गरेको चौधरीले जानकारी दिए। सेवाग्राहीको सहजताका लागि गत हप्ता मात्रै सेवाग्राही सहायता कक्ष स्थापना गरेर आवश्यक सहयोग र समन्वयको कार्य सुरु गरिएको उनले बताए।

लेखापढी व्यवसायीमार्फत सेवा लिँदा आर्थिक रूपमा बोझ हुनेहुँदा नागरिक सहायता कक्षमार्फत सेवा लिन आग्रह गर्दै कार्यालय प्रमुख चौधरीले मालपोत विभागको 'अनलाइन' प्रणालीमा समस्या भएबाहेक अन्य समय सेवाग्राहीको काममा कुनै ढिलासुस्ती नहुने बताए।

# बजेट अभावमा सडकका बहुवर्षीय आयोजना प्रभावित

**मिसन संवाददाता**
*म्याग्दी, १२ चैत*

बजेट अभावका कारण गण्डकी प्रदेश सरकारमार्फत जिल्लामा सञ्चालित रणनीतिक महत्वका बहुवर्षीय सडक आयोजनाहरूको निर्माण प्रभावित बनेको छ।

पूर्वाधार विकास कार्यालयलाई प्रदेश सरकारले बहुवर्षीय आयोजनाका लागि विनियोजन गरेको बजेट सकिएपछि व्यवसायीले भुक्तानी पाएका छैनन्। कार्यालयका अनुसार म्याग्दीमा चालू आर्थिक वर्षका सडक पूर्वाधारसम्बन्धी ३२ योजनाका लागि रु ६२ करोड विनियोजन भएको थियो।

बेनी-पाखापानी सडकको भुतादैला-तोरीपानी खण्डको चार किलोमिटर दूरीमा कालोपत्र र ग्राभेल गर्ने कार्य लक्ष्यभन्दा पाँच महिनाअघिनै सम्पन्न भए पनि बजेट अभावमा भुक्तानी नपाउँदा समस्या भएको निर्माण व्यवसायी सुवासचन्द्र कार्कीले बताए। रु दुई करोड बजेट विनियोजन भएको यो योजनाका लागि थप रु दुई करोड ५० लाख बजेट अपुग भएको छ।

गलेश्वर-पुलाश्रम (पछै)- जगन्नाथ जोड्ने सडक आयोजनाका निर्माण व्यवसायी भीम सापकोटाले पनि लक्ष्यभन्दा पाँच महिनाअघिनै योजना सम्पन्न गरे पनि बजेट अभावका कारण ऋण खोजेर मजदुरको ज्याला र आपूर्तिकर्तालाई भुक्तानी दिनुपरेको गुनासो गरे। हाडेभिर-बगरफाँट-भकिम्ली र भगवती-सिजलगाउँ-बेग सडक योजनाका निर्माण व्यवसायी नीरज भण्डारीले बजेट सकिएपछि निर्माणकार्य स्थगित गरेको बताए।



क्रमागत १७ वटा योजनाका लागि रु ५२ करोड र नयाँ १५ वटा योजनाका लागि रु १० करोड बजेट प्राप्त भएको थियो। संघीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष रु २३ करोड २२ लाख बजेट बिनियोजन भएको दरवाङ-ताकम-शिवाङ-मुना-जलजला-ढोरपाटनबाहेक धेरैजसो सडकमा बजेट अभाव भएको पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले बताए।

'सालबसाली योजनाहरूको ठेक्का प्रतिस्पर्धाको क्रममा घटेको करिब डेढ करोड आन्तरिक रकमान्तर र थप रु आठ करोड ४५ लाख रकमान्तरका लागि मन्त्रालयमा सिफारिस गरेका छौं,' उनले भने, 'बजेट भएका योजनामा काम नहुँदा खर्च गर्न सकिएको छैन, काम भएका योजनाको बजेट सकिएपछि व्यवसायीलाई काममा लगाउन समस्या भएको छ।'

बेनी-दरवाङ-कल्लेनी-ताकम-मुना-जलजला, दरवाङ-अदिभारा-डाडागाउँ-सोले-तमान-बुर्तीवाङ, पखेर बरङ्जा ३ र ४ हुँदै महेश धापुङ ताराखोला गापा जोड्ने सडक, दरवाङ- मुना- ढोरपाटन, दरवाङ-बिम-दिच्याम, दरखोला सडक पुल, शिवरात्रि खोला सडक पुल, रुमदेखि ताराखोला जोड्ने सडक, दाङखोला पुल र साँवता थापाचौर झोलुङ्गे पुल निर्वाचन क्षेत्र १(२) का क्रमागत बहुवर्षीय योजनाहरू हुन्।

निर्वाचन क्षेत्र १(क)मा बेनी-तोरीपानी, हाँडेभिर-बगरफाँट-दूधेखोला-हल्लेगौडा- डोलेमुसुङ, गलेश्वर-पिप्ले - भगवति, गलेश्वर-पुलाश्रम, चित्रे-घोडेपानी, भगवति-सिजलगाउँ-बेग जोड्ने क्रमागत बहुवर्षीय सडक निर्माणाधीन छन्।

रु एक/एक करोड बजेट विनियोजन भएको बिम-मराङ-मल्कवाङ-पाखापानी, जैसीखोर-खहरेखोला-रिसिन चौतारी हुँदै बैसरी सडक स्तरोन्नति योजनाको बहुवर्षीय ठेक्का आह्वान भएको छ। रु एक करोड बजेट विनियोजन भएको फापरखेत पहिरोको वैकल्पिक मार्गमा पर्ने म्याग्दीखोलामा बेलिब्रिज निर्माणका लागि बहुवर्षीय ठेक्का आह्वान गर्न स्रोत सुनिश्चितता भएको छ।

जिल्लाका प्रदेशसभा सदस्यद्वय रेशमबहादुर जुग्जाली र हरिबहादुर भण्डारीले बजेट अभावमा सडकको निर्माण अवधि लम्बिने अवस्था देखिएको विषयमा प्रदेश सरकार र विभागीयमन्त्रीको ध्यानाकर्षण गराएको बताए। अपुग बजेट रकमान्तरण गरेर काम गरेका व्यवसायीलाई भुक्तानीको व्यवस्था मिलाउन सरकारसँग पहल गरिरहेको उनीहरूले बताए।

# बाँदरका कारण बाँझिदै खेतीयोग्य जमिन


**मिसन संवाददाता**
*भोजपुर, १२ चैत*

बाँदरले दुःख दिन थालेपछि भोजपुरमा खेतीयोग्य जमिन बाँझो हुने क्रम बर्सेनि बढेको छ। बाँदरबाट अन्नबाली जोगाउन नसक्ने अवस्था भएपछि किसानहरू खेतीपाती छाड्न बाध्य भएका छन् भने कतिपय परिवारले वैकल्पिक रोजगारी र सुरक्षित बसोबासको खोजीमा बसाइँसराइ रोजेका छन्। बाँदरको दुःख कम नभएपछि ग्रामीण बस्तीहरू क्रमशः सुनसान बन्दै गएका छन्।

स्थानीय कृषकका अनुसार बाँदर समूहमा आउने र पाक्नै लागेको बाली लक्षित गरी आक्रमण गर्ने गर्छन्। खेत वरिपरि कराउँदै हल्ला गरे पनि केही समयपछि पुनः फर्किने भएकाले नियन्त्रण गर्न झन् कठिन भएको छ। कतिपयले डर देखाउने आकृति बनाएका छन्। खेतबारीको डिलमा कटेरा बनाएर पालैपालो खेत कुर्ने प्रयास गरे पनि दीर्घकालीन समाधान हुन सकेको छैन।

विशेषगरी मानेभञ्याङ क्षेत्रअन्तर्गत पर्ने रामप्रसादराई गाउँपालिका-५ (साविक वडा नं. ८ र ९)मा बाँदरको समस्या ठूलो छ। स्थानीय जगतबहादुर तामाङका अनुसार यस क्षेत्रका करिब ९८ प्रतिशत बासिन्दा बसाइँ सरेपछि गाउँ रित्तोजस्तै भएको छ।

'पहिले खेतबारीमा चहलपहल हुन्थ्यो, अहिले घरका ढोका बन्द छन्, आँगनमा झार उम्रिएको छ,' उनले भने। अर्चले, भोर्लेनी, दमाईछाँप, गुराँसे राणागाउँ, थाक्ले र



मोहोरियालगायतका बस्तीहरूमा अहिले अधिकांश घरहरू जीर्ण र खाली अवस्थामा छन्। एक समय हराभरा देखिने खेतबारी बाँझै छाडिएका छन्।

खेतका कान्ला र पाखाहरू झाडीले ढाक्न थालेका छन् भने कतिपय स्थानमा बारी नै जङ्गलमा परिणत हुन थालेको छ। उत्पादनमुखी जमिन उपयोगविहीन बन्दै जाँदा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष असर परेको छ।

किसानहरूका अनुसार मकै, कोदो, फापर, गहुँ, आलु तथा तरकारी जस्ता अन्नबाली बाँदरले नष्ट गरिदिने गरेको छ। 'बाँदरले लगाएको बाली छिनभरमै सखाप पारिदिन्छ,' तामाङले गुनासो गरे, 'दिनभरि खेतबारी कुरेर बस्न सकिँदैन। मेहिनत गरेर लगाएको बाली जोगाउन नसक्दा धेरैले खेती छाडे। कतिपयले त गाउँ नै छाड्नुपरेको छ।'

जिल्लाका अन्य स्थानीय तहहरूमा बाँदर समस्या उस्तै गम्भीर रहेको कृषकहरूको गुनासो छ। कृषि नै मुख्य आम्दानीको स्रोत रहेको ग्रामीण परिवारहरू आर्थिक रूपमा मारमा परेका छन्। युवापुस्ता रोजगारीका लागि बाहिरिएपछि बचेका ज्येष्ठ नागरिक र महिलामाथि खेतबारीको जिम्मेवारी थपिएको छ, तर बाँदर आतङ्कका कारण उनीहरू पनि निरुत्साहित भएका छन्। स्थानीय सरोकारवालाहरूका अनुसार वनक्षेत्र नजिकका बस्तीहरूमा समस्या चर्को छ। मानवीय बस्ती घट्दै जादा बाँदर बाँकी रहेका बस्ती केन्द्रित बनेका छन्। दीर्घकालीन रूपमा समस्या समाधान नगरे गाउँ रित्तिँदै जाने तथा खेतीयोग्य जमिन पूर्ण रूपमा बाँझिने खतरा बढ्दै गएको किसानहरूको भनाइ छ।

बाँदर नियन्त्रणका लागि प्रभावकारी नीति निर्माण, वैज्ञानिक व्यवस्थापन, सामूहिक बाली सुरक्षा प्रणाली, क्षतिपूर्ति व्यवस्था तथा वैकल्पिक खेती प्रविधिको विकास आवश्यक रहेको स्थानीयको भनाइ छ। साथै, स्थानीय तह र सम्बन्धित निकायबीच समन्वय गरी ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने किसानहरूको माग छ।

# बुटवल पश्चिमकै पहिलो एप्पल स्टोर नेपालगन्जमा सञ्चालन

**मिसन संवाददाता**
*नेपालगन्ज (बाँके), १२ चैत*

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका प्रविधिमैत्री ग्राहकहरूलाई लक्षित गर्दै नेपालगन्जको धम्बोझीमा कान्तिपुर इलेक्ट्रोनिक्स प्लाजा प्रालिले अत्याधुनिक एप्पल स्टोर सञ्चालनमा ल्याएको छ।

करिब एक करोड रूपैयाँको लगानीमा स्थापना गरिएको यो स्टोर बुटवलदेखि पश्चिम क्षेत्रकै पहिलो एप्पल स्टोर भएको प्रबन्ध निर्देशक ऋषि कँडेलले बताए। उनले बिहीबारदेखि स्टोर सञ्चालनमा आएको जानकारी दिए। स्टोर औपचारिक रूपमा सञ्चालनमा आएपछि एप्पलका गुणस्तरीय उत्पादनहरूका लागि अब काठमाडौं वा छिमेकी मुलुक भारतसम्म धाउनुपर्ने बाध्यता अन्त्य भएको उनले उल्लेख गरे।

उनका अनुसार एप्पल कम्पनीद्वारा उत्पादित पूर्ण रेन्जका सबै सिरिजका आइफोन, आइप्याड, म्याकबुक, एप्पल वाच र एयरपापेड्सहरू स्टोरमा उपलब्ध हुनेछन्। साथै एप्पलका



सम्पूर्ण सक्कली एक्सेसरिजहरूका साथै दक्ष प्राविधिकहरूबाट भरपर्दो मर्मतसम्भारको सुविधा समेत हुनेछ।

अनलाइन बुकिङ, किस्ताबन्दी तथा निःशुल्क होम डेलिभरीको व्यवस्था रहेको बताइएको छ। स्टोरले उद्घाटन विशेष अफरअन्तर्गत आइफोन बुकिङ गर्ने पहिलो ११ जना ग्राहकहरूलाई एप्पल एयरपोड्समा ४० देखि ६० प्रतिशतसम्म विशेष छुट प्रदान गर्ने जनाएको छ।

त्यसैगरी उद्घाटन भएको दिनदेखि एक हप्तासम्म पुराना सेट लिएर आउने एक हजार जना ग्राहकहरूलाई निःशुल्क स्क्रिन गार्डको सुविधा दिइने स्टोरले जनाएको छ। ग्राहकहरूको सुविधा र विश्वासलाई मध्यनजर गर्दै पश्चिम नेपालको डिजिटल बजारमा नयाँ आयाम थप्ने विश्वास लिइएको स्टोरले जनाएको छ।


**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATORS | DOUBLE DOOR | LG | GL-T400CESI | 360 Ltr | INDIA | SET | NPR | 1,04,290/- | |
| 2 | REFRIGERATORS | DOUBLE DOOR | LG | GL-M250BROI | 238 LTR | INDIA | SET | NPR | 67,790/- | |
| 3 | AIR CONDITIONER | SPLIT | LG | SA-24K23VD | 2 Ton | INDIA | SET | NPR | 2,26,990/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१



**दर्ता खारेजीको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०३/२४ मा प्रा.लि.नं.१९२९७९ मा दर्ता भएको शेफशंकर नेपाल हस्पिटालिटि मेनेजमेन्ट प्रा.लि.को मिति २०८२/११/१४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।



**श्री जगत ज्योति माध्यमिक विद्यालय बसुदेवपुर**
**नेपालगन्ज-१९, चक्रपथ, बाँके**

**शिक्षक आवश्यकता**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१२**

प्रस्तुत विषय सम्बन्धमा मिति २०८२/१२/१२ गतेको प.सं. २०८२/०८३ च.नं. ७६६, शिक्षा विकास तथा समन्वय इकाई बाँकेको विज्ञापन अनुमति पत्र बमोजिम प्राथमिक तह अस्थायी करार दरबन्दीमा एक जना करार शिक्षक आवश्यकता भएकाले यो सूचना प्रकाशित गरिएको १५ दिन कार्यालय समयभित्र तपसिलको कागजात सहित योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिलः**

१. विज्ञापन नं. : १/०८२/०८३ २. पद : शिक्षक
३. तह : प्राथमिक ४. पद संख्या : १ (एक)
५. दरबन्दीको किसिम : अस्थायी करार
६. तलब : नेपाल सरकारले तोके बमोजिम
७. शैक्षिक योग्यता : प्रविणता प्रमाण पत्र उत्तीर्ण
८. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
९. परीक्षा दस्तुर : २००५/- (दुई हजार पाँच मात्र)
१०. परीक्षाको किसिम : लिखित, अर्न्तवार्ता र आवश्यक परेमा प्रयोगात्मक
११. दरखास्त दिने अन्तिम मिति : २०८२/१२/२६ गतेसम्म विद्यालय समयभित्र
१२. आवश्यक कागजातहरुः
(क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति
(ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी २/२ प्रति
(घ) निरोगिताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति
१३. सम्पर्क मिति : विद्यालयले तोक्ने छ।
१४. परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ।
१५. सम्पर्क नम्बर : ९८४८१५६१२२, ९८४८२७३६१९

**इश्वर पौडेल**
**प्रधानाध्यापक**



**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/१३**

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/१०/२८ गतेको सूचना अनुसार तपसिलको खरिद कार्य सम्बन्धी बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेख भएको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**छनोट भएका बोलपत्रदाताको विवरण**

| सि.न. | बोलपत्र न. | कार्यको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/NCB/Goods/24/2082-083 | Supply and delivery of office goods and statonery items | Salghari Enterprises Pvt. Ltd. Tikathali, Mahalaxmi Municipality, Lalitpur. | 18,07,410.1 |

..............................
प्रमुख प्रशासकीय अधिकृत